# सिद्ध कुमारव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## ढोरचौर, सल्यान
## कर्णाली प्रदेश, नेपाल

प.स. २०८१।८२
च.न.

मिति २०८२/०२/१० गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।
२. आर्थिक वर्ष २०८२/८३ को बजेट सिमा तथा मार्गदर्शन प्राप्ति सम्बन्धमा ।
३. जग्गा बर्गिकरण सहितको मुल्याङकन सम्बन्धमा ।
४. Solar Straight Light मर्मत सम्बन्धमा ।
५. अनुदान शिक्षक क्षमाता विकास तालिम सम्न्धमा ।
६. विद्यालयका लागि मेशिनरी औजार सम्बन्धमा ।
७. बजेट रकमान्तर सम्बन्धमा ।
८. भकारो सुधार कार्यक्रम प्रस्ताव छनौट सम्बन्धम ।
९. LRP को पोशाक भत्ता सम्बन्धमा ।
१०. विविध ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/०२/०४ गते बसेको गाउँ कार्यपालिकाको पन्धौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ आर्थिक वर्ष २०८२/८३ को बजेट सिमा तथा मार्गदर्शन प्राप्ति सम्बन्धमा ।**

**निर्णय नं २:**

सिद्ध कुमाख गाउँपालिकाकामा आगामी आर्थिक वर्ष २०८२/८३ का लागि संघिय वितिय समानिकारण अनुदान बापत **रु ७ करोड २ लाख,** राजस्व बाँडफाँड बापत **रु ७ करोड १५ लाख ४९ हजार २ सय ८५ रुपैया** । कर्णाली प्रदेश समानिकरण अनुदान बापत **रु ८३ लाख ९९ हजार** र सवारी साधन कर बाँडफाँड बापत **रु १५ लाख १८ हजार ८ सय १३ रुपैया ९० पैसा** । बजेटको अनुमानित सिमा तथा मार्गदर्शन प्राप्ति सम्बन्धमा छलफल गरि वडा तथा बस्ति स्तरमा योजना छनौट एवं प्राथमिकरणका लागि निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं ३ जग्गा बर्गिकरण सहितको मुल्याङकन सम्बन्धमा ।**

**निर्णय नं ३:**

मालपोल कार्यालय सल्यानबाट आगामी आर्थिक वर्ष २०८२/८३ मा सिद्ध कुमाख गाउँपालिका अन्तर्गतका घर जग्गाको लिखत (रजिष्ट्रेशन) पारित गर्ने प्रयोजनका लागि न्युनतम मुल्याङकन गत आव २०८१/८२ को व्यवस्थामा प्रत्येक शिर्षकमा १५ प्रतिशतले वृद्धि गर्न सुझाव दिने निर्णय गरियो।

**प्रस्ताव नं ४ Solar Straight Light मर्मत सम्बन्धमा ।**

**निर्णय नं ४:**

सिद्ध कुमाख गाउँपालिका द्धारा विगतको समयमा ढोरचौर पटारे मोख्ला लगायतका बजार क्षेत्रमा जडान गरिएका Solar Straight Light पुरानो एवं जिर्ण भइ मर्मत सम्भार गर्नु पर्ने भएकोले लागत अनुमानका आधारमा मर्मत कार्य गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ गा.पा. अनुदान शिक्षक क्षमता विकास तालिम सम्बन्धमा ।**

**निर्णय नं ५:**

गाउँपालिका द्धारा अनुदानमा नियुक्त गरि विभिन्न विद्यालयमा पदस्थापना गरिएका शिक्षकहरुको शिक्षण विधि तथा मुल्याङकन कार्यमा सुधार तथा क्षमता विकास गर्न **कर्मचारी क्षमता विकास तालिम** शिर्षकबाट बेहोर्ने गरी तालिम संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६ विद्यालयका लागि मेशिनरी औजार सम्बन्धमा।**

**निर्णय नं ६:**

विभिन्न विद्यालयहरुबाट मेशिनरी औजार तथा सामाग्रहरु माग भइ आएकोले गाउँपालिकाको बजेट व्यवस्था समेतका आधारमा विद्यालय तथा अन्य संस्थाका लागि मेशिनरी औजार खरिद शिर्षकबाट खर्च हुने गरी सम्बन्धित विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

| विद्यालयको नाम | खरिद गर्नु पर्ने विवरण |
|---|---|
| विष्णु आवि खानीगाउँ वडा नं २ | कम्प्युटर प्रिन्टर सोलार खरिद गर्नु पर्ने । |
| सिद्ध मावि भडारे वडा नं २ | ल्यापटप खरिद |
| हिमालय आवि माझखर्क | इन्भर्टर खरिद |
| शान्ति सुन्दर मावि खार्बन | डेस्क बेन्च २० सेट |

**प्रस्ताव नं ७ रकमान्तर सम्बन्धमा ।**

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकाको आव २०८१।८२ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार हाल सम्मको खर्च र आवश्यकताका आधारमा देहायको बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

| घटाउनु पर्ने | | थप्नु पर्ने | |
|---|---|---|---|
| **योजनाको नाम** | **रकम** | **योजनाको नाम** | **रकम** |
| विभिन्न प्रतिस्पर्धात्मक परीक्षा संचालन खर्च | रु ५०००० | निशुल्क शिक्षा अन्तर्गत विद्यालय संचालन तथा व्यवस्थापन खर्च | रु ४०००० |
| सामुदायिक विद्यालय अक्षर सुधार कार्यक्रम | रु ७५००० | Solar Straight Light मर्मत योजना | रु ३६५००० |
| गरिव तथा विपन्न नागरिक सहायता | रु १५०००० | विद्यालय प्रअहरुका लागि नमुना विद्यालय भ्रमण कार्यक्रम | रु ५०००० |
| कर्मचारी क्षमाता विकास तालिम | रु ५०००० | नगर प्रहरी विट निर्माण | रु ६५००० |
| विभिन्न कार्यक्रम साझेदारी कार्यक्रम | रु २५००००० | आधारभुत तह कक्षा ५ र ८ को परीक्षा संचालन तथा व्यवस्थापन खर्च | रु ३०००० |

| | | | |
|---|---|---|---|
| | | एस.इ.इ. परीक्षामा सहभागी विद्यार्थीहरुका लागि सिपमुलक तालिम | रु २५००० |
| पालिका स्तरिय (कक्षा 1-3) विद्यार्थी पठन सिप क्षमाता पहिचान प्रतियोगिता | २५००० | आवि (कक्षा १-५) स्तरिय सिकाइ प्रदर्शनी कार्यक्रम | रु २५००० |
| **जम्मा** | रु ६००००० | **जम्मा** | रु ६००००० |

**प्रस्ताव नं ८ भकारो सुधार कार्यक्रम प्रस्ताव छनौट सम्बन्धम ।**

**निर्णय नं ८:**

आर्थिक वर्ष २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार ५० प्रतिशत अनुदानमा भकारो सुधार कार्यक्रमका लागि पेश भएका प्रस्तावहरुको Field Verification प्रतिबेदन सहित आर्थिक विकास समितिबाट सिफारीस भइ आएकोले तपसिल बमोजिम छनौट गर्ने निर्णय गरियो ।

**तपसिल**

**छनौट भएका कृषक तथा फर्महरु**

| किसानको नाम | फर्मको नाम | ठेगाना | पशुपन्छीको संख्या | | | | | बिगतमा अनुदान | आफ्नो स्वामित्वको जग्गा | ब्यबसायिक तालिम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बाखा | भैसी | गाईगोरु | भेडा | कुखुरा | | | |
| निम बहादुर यरी | निम कृषि तथा पशुपन्छी फर्म | बडाकाडा | १५ | ४ | - | - | - | मिनीटिलर र खोर निर्माण | १९ रोपनी | नलिएको |
| गोबिराम रेउले | - | माझखर्क | ११ | ३ | २ | १ | - | नलिएको | ५६रोपनी | नलिएको |
| पवित्रा रोका | | खार्वन | ११ | ३ | २ | ४ | - | नलिएको | १० रोपनी | नलिएको |
| तिलक बहादुर | शिभशक्ति कृषि तथा | टाकुरा | ११ | ३ | २ | - | २० | नलिएको | १४ रोपनी | नलिएको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| चलाउने | पशुपन्छी फर्म | | | | | | | | | |
| धन बहादुर चलाउने | एकिकृत कृषि फर्म | दह | ३४ | २ | २२ | ८ | ५० | नलिएको | २० रोपनी | लिएको |
| हस्ती चलाउने | सितलटाकरी भैसी पालन कृषि समुह | घरजले | ८ | २ | ५ | २ | - | नलिएको | ६रोपनी | नलिएको |
| छबिलाल योगी | - | झारगाउँ | ९ | २ | २ | - | ८ | नलिएको | ८रोपनी | नलिएको |
| सिता कुमारी चलाउने | रेउले एकिकृत कृषि तथा पशु पन्छी फर्म | फलाटे | २१ | २ | ३ | - | ३० | नलिएको | १० रोपनी | नलिएको |
| **बैकल्पिक** | | | | | | | | | | |
| मिमि बोहरा | - | फलाटे | १७ | २ | ४ | - | १८ | नलिएको | २० रोपनी | नलिएको |
| पठविर बुढाथोकी | - | कुइयाझोल | ९ | २ | २ | १० | - | नलिएको | २४ रोपनी | नलिएको |
| रत्न बहादुर चलाउने | सितलटाकरी भैसी पालन कृषि समुह | घरजले | २२ | २ | २ | - | - | मिनीटिलर | २५ रोपनी | नलिएको |
| बिस्णी बस्नेत | सितलटाकरी भैसी पालन कृषि समुह | घरजले | ७ | २ | २ | - | - | नलिएको | १२रोपनी | नलिएको |

**प्रस्ताव नं ९ स्थानीय स्रोत व्यक्ति ( LRP) को पोशाक भत्ता सम्बन्धमा ।**

**निर्णय नं ९:**

खानेपानी सरसफाइ तथा स्वच्छता (SUSWA) इकाइ अन्तर्गत स्थानीय स्रोत व्यक्ति (LRP) पदमा कार्यरत नेत्रा बस्नेत र सरिता रावललाई सुस्वा अन्तर्गत विनियोजित बजेटबाट पाशाक भत्ता बापत रु १० हजारका दरले उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं १० विविध सम्वन्धमा ।**

**निर्णय नं १०:**

सिद्ध कुमाख गाउँपालिका वडा नं ४ मा संचालित श्री शान्ति सुन्दर माध्यमिक विद्यालय खार्वन सल्यानमा गा.पा. अनुदान मा.वि. तह गणित विषयमा कार्यरत शिक्षक राम बहादुर चलाउनेले सोहि विद्यालयको संघिय अनुदान नि.मा.वि. गणित विषयको परीक्षामा सहभागी भइ आफु परिक्षामा अनुतिर्ण भएको सन्दर्भमा समग्र गाउँपालिकाको मानमर्दन हुनगरी गलत आरोप लगाइ सामाजिक सञ्चालको दुरुपयोग गरेको, लिखित स्पष्टीकरण बुझ्दा समेत चित्तबुझ्दो जवाफ पेश नगरेको र कार्य सम्पादन समेत सन्तोषजनक नभएको कारण निजको करार सम्झौता रद्ध गरी पदमुक्त गर्ने निर्णय गरियो।